संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या -४९
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल भदौ ११ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको ०१:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समयमा अविरल बर्षाको कारण सिन्धुली जिल्ला कमलामाई नगरपालिकास्थित लोपोन्मुख हायु वस्ती जोखिमपुर्ण अवस्थामा रहेको, सिन्धुलीमा बाख्रा चराउने क्रममा खोलाले बगाएर एक पुरुषको मृत्यु भएको साथै चट्याङ लागेर एक महिलाको मृत्यु हुनुका साथै दुई सख्त घाईते भएको, सिन्धुली जिल्लाको सुनकोशी नदीमा माइको बस खस्दा एक चालक सहित दुई यात्रु बेपत्ता भएको, भुकम्प प्रभावित रुकुम, जाजरकोट, सल्यान लगायतका क्षेत्रहरुका जमिनमा धाँजा फाट्दा जनजीवन प्रभावित भएको, भारतीय नम्वर प्लेटको बस मर्स्याङ्दी नदीमा खस्दा २७ जना भन्दा बढी भारतीय पर्यटकको निधन एवम् १६ जना भन्दा बढी घाईते भएको, अमेरिकाको भर्जिनियामा श्रीमानको साथमा बसोबास गर्दै आएकी एक नेपाली महिलाको वेपत्ता हुँदा अनुसन्धानको लागि श्रीमानलाई प्रहरीद्वारा नियन्त्रणमा लिएको, म्याग्दी जिल्लाको वेनी तोरिपानी बस्ने उन्नाईस बर्षिय एक युवतीको शव जङ्गलमा गाडीएको अवस्थामा प्रहरीद्वारा फेला परेको, सिन्धुपाल्चोक जिल्लाको सुनकोशी गाँउपालिकामा १५ वर्षीय बालिका आफ्नै शिक्षकद्वारा पटकपटक बलात्कृत भई शारिरीक र मानसिक हिंसाद्वारा आत्महत्या गर्न बाध्य बनाईएको, नेपालका सडकखण्डहरु सडक सुरक्षाको दृष्टिकोणले जोखिमपुर्ण अवस्थामा रहेको, नेपालको राजनितिक अवस्थाले युवाहरुमा वितृष्णा बढ्दै गएको लगायतका विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० सुशिला थिङ्ग
२. मा० जनार्दन शर्मा
३. मा० गणेश पराजुली
४. मा० शान्ति वि:क
५. मा० शिव नेपाली
६. मा० डा० अमरेश कुमार सिंह

त्यसपछि शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० भगवती चौधरी
२. मा० महेश कुमार वर्तौला
३. मा० माधव सापकोटा
४. मा० मिना तामाङ
५. मा० मेनका कुमारी पोखेल
६. मा० मैना कार्की
७. मा० मंगल प्रसाद गुप्ता
८. मा० योगेन्द्र मण्डल
९. मा० रण कुमारी बलम्पाकी मगर
१०. मा० रणेन्द्र बराली
११. मा० राजेन्द्र बजगाई
१२. मा० राम कुमार राई
१३. मा० राम कृष्ण यादव
१४. मा० रामहरि खतिवडा
१५. मा० रुक्मणी राना बराइली
१६. मा० रोसन कार्की
१७. मा० लक्ष्मी तिवारी
१८. मा० लालबिर चौधरी
१९. मा० लिला देवी वोखिम (लिम्बू)
२०. मा० लिलानाथ श्रेष्ठ
२१. मा० लेख नाथ दाहाल
२२. मा० विक्रम पाण्डे
२३. मा० विजुला रायमाझी

तत्पश्चात् प्रतिनिधि सभामा विपक्षी दलको नेता माननीय पुष्पकमल दाहाल (प्रचण्ड) ले समसामयिक विषयमा आफ्नो भनाई राख्नुभयो ।

तदुपरान्त विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले विविध विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० नारायण प्रकाश साउद
२. मा० रघुजी पन्त
३. मा० पूर्ण बहादुर घर्ती मगर
४. मा० मनिष झा
५. मा० अनिशा नेपाली
६. मा० विरेन्द्र प्रसाद महतो
७. मा० अब्दुल खांन
८. मा० रेखा यादव
९. मा० राम प्रकाश चौधरी
१०. मा० प्रेम सुवाल
११. मा० चित्र बहादुर के.सी.
१२. मा० महेन्द्र कुमार राय
१३. मा० अच्यूत प्रसाद मैनाली
१४. मा० सुशिला थिङ

त्यसपछि सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त पत्रको निम्नलिखित व्यहोरा पढेर सुनाउनु भयोः-

> माननीय परराष्ट्र मन्त्री डा० आरजु राणा द्विपक्षीय बैठक एवं भेटघाटका लागि संवत् २०८१ साल भदौ २ गते भारततर्फ प्रस्थान गर्नुभएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनुभएको परराष्ट्र मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूबाट माननीय गृहमन्त्री रमेश लेखकले सम्हाल्ने गरी तोक्नुभएको व्यहोरा अनुरोध गर्दछु ।
>
> मिति : २०८१/०५/५ (लीलादेवी गड्तौला)
>
> मुख्यसचिव

तत्पश्चात् प्रतिनिधि सभाका सचिव श्री सुरेश अधिकारीले प्रतिनिधि सभामा उत्पति भएको "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०८१" राष्ट्रिय सभाबाट सुझाव विना पारित भएको सन्देश सभालाई जानकारी गराउनु भयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-८ बमोजिमको प्रश्नोत्तर कार्यक्रम अन्तर्गत ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरुको उत्तर दिने कार्यक्रममा माननीय प्रेम सुवालले सोध्नु भएको प्रश्न नं. १४ को माननीय ऊर्जा, जलस्रोत तथा सिँचाई मन्त्री दीपक खड्काले र प्रश्न नं. १५ को माननीय वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले जवाफ दिनुभयो ।

त्यसपछि माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावमाथीको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले राख्नुभएको प्रश्नको माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल जवाफ दिनुभयोः-

१. मा० विराज भक्त श्रेष्ठ
२. मा० डा० प्रकाश शरण महत
३. मा० बासुदेव घिमिरे
४. मा० जुली कुमारी महतो (महासेठ)
५. मा० रोसन कार्की
६. मा० डा० स्वर्णिम वाग्ले
७. मा० हरि ढकाल
८. मा० राजेन्द्र कुमार के.सी.
९. मा० सुमना श्रेष्ठ
१०. मा० प्रेम सुवाल
११. मा० मनिष झा
१२. मा० माधव सापकोटा
१३. मा० नारायणी शर्मा
१४. मा० नागिना यादव

तत्पश्चात् माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले "धितोपत्र सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्" भनी प्रस्तुत गर्नु भएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वमम्मतीले स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले पूर्व सदस्य रामचन्द्र राय यादवको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिबाट पारित भयोः-

शोक प्रस्ताव

> "राष्ट्रिय प्रजातन्त्र पार्टीबाट वि.सं. २०५६ सालमा सर्लाही जिल्ला क्षेत्र नं. ३ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य, वि.सं. २०६३ सालमा पुनर्स्थापित प्रतिनिधि सभा र व्यवस्थापिका-संसद सदस्य, पूर्व भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री, सरल एवं मृदुभाषी रामचन्द्र राय यादवको ७१ वर्षको उमेरमा मिति २०८१ साल साउन ०६ गते आइतबार असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले स्वर्गीय रामचन्द्र राय यादव को आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल भदौ १२ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक साँझको ०५:५० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव